नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ राजविराज दैनिक स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३४ अंक ६७ २०८१ साल असोज १८ गते शुक्रबार (4 Oct. 2024 Friday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**
*यस अंक भित्र :* २ पृष्ठमा : विपद् र हाम्रो बिग्रिएको. ३ पृष्ठमा : सडकमार्गमा समस्या हुँदा हवाई ... ३ पृष्ठमा'पाकिस्तान र अफगानिस्तानमा ...

# उद्योग व्यवसाय धरासायी भयो : उद्योगि व्यवसायी



**दैनिक समाचारदाता**
**राजविराज, १७ असोज ।**

सप्तरीको उद्योग व्यवसाय धरासायी बन्न लागेको भन्दै उद्योगि व्यवसायीहरुले गुनासो गरेका छन् ।

उद्योग बाणिज्य संघ सप्तरीद्वारा बिहीबार आयोजित दशैं, तिहार, छठ र नेपाल सम्वत ११४५ को शुभकामना आदान प्रदान कार्यक्रममा उनीहरुले यस्तो गुनासो गरेका हुन् ।

आर्थिक मन्दी, बैंकको ब्याज, कच्चा पदार्थको अभाव, अव्यवहारिक मौद्रिक र कर नीति तथा बिटौरी, ब्लक र स्थानीय मार्गको मापदण्ड लगायत विभिन्न जग्गा रोक्का र फुकुवामा रोक लगायतका कारणले उद्योगी व्यवसाय धरापमा पर्दै गएको गुनासो गरेका हुन् ।

कार्यक्रममा उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य अरुण प्रधानले राजविराज नगरपालिकामा मात्रै ६८ विगहा जती बिटौरी जग्गामा पुस्तौदेखी बसोवास गर्दै आएका करिब ४ हजार ७ सय परिवार अझै लालपूर्जा पाउन नसक्दा समस्यामा परेका बेला बैंक र बित्तिय संस्थामा सो जग्गा धितो राखी ऋण कर्जा पाउन नसकेको बताए ।

उनले बिटौरी, ब्लक र स्थानीय मार्ग मापदण्ड लगायतका जग्गा रोक्का, फुकुवा र नक्शा पासमा वर्षौदेखी रोक लगाइएका कारण त्यस्ता जग्गामा बसोवास गर्ने र व्यापार, व्यवसाय संचालन गर्ने व्यवसायीहरु मारमा परेको उल्लेख गरे ।

उनले संकट परेको बेला कुनै कुनै व्यक्तिले उद्योगि व्यवसायीसँग सापटी लिने र पछिगएर पैसा पचाउने नियतले अहिले आएर प्रहरी प्रशासनमा मिटरब्याजीको नाममा निवेदन दिएर फसाउन खोजेको भन्दै यसतर्फ पनि गम्भिरतापूर्वक ध्यान दिइनु पर्ने प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्रातीको ध्यानाकर्षण गराए ।

सोही कार्यक्रममा उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालु प्रसाद अग्रवालल बैंकको ब्याज, कच्चा पदार्थको अभाव, जिर्ण बाटोघाटो, अव्यवहारीक कर लगायतका कारणले यहाँका उद्योगि व्यवसायीहरु घरवार बेचेर पलायन हुन थालेको बताए । उनले उद्योग व्यवसाय नचल्दा एकातिर बजारमा एकपछि अर्को पसलहरु बन्द हुन थालेको र अर्कोतिर अब्यवाहरीक कर, बजार अनुगमनको नाउँमा व्यापारीलाई कारोबारमै असर पर्नेगरि ठूलो रकम जरिवाना तिनुपरेको बताए ।

उनले ब्यापार व्यवसाय चौपट बन्दै गएको बेला बैंकले पनि ऋण र ब्याज चुक्ताका लागि मानसिक, आर्थिक र सामाजिक तनाव दिन थालेपछि यहाँका उद्योगि व्यवसायी गम्भिर समस्यामा परेको बताए ।

कार्यक्रममा संघका महासचिव अमृत संचेती, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव लगायतले शुभकामनासहित उद्योगि व्यवसायीहरुको समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराएका थिए ।

प्रमुख जिल्ला अधिकारी मंग्रातीले उद्योगी व्यवसायीहरुको समस्या समाधानका लागि आफूले सक्दो पहल गर्ने प्रतिबद्धता जनाएका थिए ।

# बाढीपहिरोमा परी सेनाका एक अधिकृतसहित तीनको निधन

काठमाडौं, १७ असोज (रासस) ।

केही दिनअघि परेको अविरल वर्षासँगैको बाढीपहिरोमा परेकाहरूको उद्धार गर्ने कर्तव्य पालनाको सिलसिलामा नेपाली सेनाका एक अधिकृतसहित तीन जनाको निधन भएको छ ।

प्रमुख सेनानी मिलन केसीको सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-४ मा पहिरोले पुरिएकाको उद्धारका क्रममा केही दिनअघि निधन भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

यसैगरी अमलदार नरेन्द्रबहादुर पाल र प्युठ शङ्कर चन्दको दोलखा बिगु गाउँपालिका-१ लामा बगरस्थित माथिल्लो तामाकोशी जलविद्युत् आयोजना सुरक्षार्थ तैनाथ रहेको अवस्थामा ज्यान गएको जनाइएको छ । वतन नखुलेका एक जना भूपू हवल्दारको समेत बाढीपहिरोमा परी निधन भएको जानकारी दिइएको छ । बाढीपहिरोबाट सेनाका केही ब्यारेकमा क्षति भएको जनाइएको छ ।

बाढीपहिरोका घटनालगत्तै नेपाली सेनाले प्रभावित क्षेत्रमा तत्कालै परिचालन भई खोजी, उद्धार र राहत सामग्री वितरण कार्यमा सक्रियताका साथ काम गर्दै आएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

# सप्तरीका विभिन्न स्थानलाई पर्यटकीय तथा पर्यटकीय करिडोरको रुपमा विकास गर्न मन्त्री लेखीद्वारा ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, १७ असोज ।**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखिले सप्तरी जिल्लाको विभिन्न स्थानलाई पर्यटकीय स्थलको रुपमा तथा पर्यटकीय करिडोरमा राख्न प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहनप्रसाद साहलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।



मन्त्री लेखीले मधेश प्रदेशमा पर्ने एक मात्र बन्यजन्तु आरक्षमा गत बर्ष नेपाल सरकारले पर्यटन सँगै जैबिक बिबिधता संरक्षणमा सहयोग पुग्ने उद्देश्यले दुई वटा संकटापन्न एक सिङ्गे गैडा चितवन राष्ट्रिय निकुञ्जबाट स्थानान्तरण गरि ल्याएको र मधेश प्रदेश सरकारको नीति तथा योजना आयोगले समेत पञ्च बर्षिय कार्य योजना तयार भई स्वीकृत हुने क्रममा रहेको हुदा कोसि टप्पु आरक्षको सप्तकोसी नगरपालिका फत्तेपुर, सिद्दिपुर, सखबोनी, बनगामा, बोचही, ओद्राहा, कमलपुर, जमुवा, पिप्रा, पथरी, बरमझिया, भारदह, हनुमाननगर लगायत करिब २५ किलोमीटर क्षेत्रको रुपमा बिकाश गर्न भन्दै आयोगका उपाध्यक्ष डा. साहलाई ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

यस्तै सोही पत्रमार्फत उक्त पर्यटकिय करिडोरमा नेपालकै सबै भन्दा पुरानो र ऐतिहासिक नहर चन्द्र नहर, कोशी ब्यारेज, बराह क्षेत्र मन्दिर, चतराधाम, कोशी चतरा पुल, मयुर निखाता, कोशी मेला, प्रसिद्द गोरराजा मन्दिर, भजनेश्वर, ऐतिहासिक बिरासत बोकेको कंकालिनी तथा छिन्नमस्ता मन्दिर लगायत अग्नीसाइर, कृष्णासवरन देवस्थल एवम कजलादह, लोहजरा दह र कमल दहलाई समेत पर्यटकिय करिडोरमा राख्न ध्यानाकर्षण गराएका छन् ।

# बाढीपहिरामा परी हालसम्म दुई सय ३३ जनाको मृत्यु

काठमाडौं, १७ असोज (रासस) ।

हालैको बाढीपहिरामा परी २३३ जनाको मृत्यु भएको छभने २२ जना बेपत्ता छन् । अन्य १६९ जना घाइते भएका छन् ।

गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीका अनुसार हालसम्म बाढीपहिरो प्रभावित क्षेत्रबाट १७ हजार १२० जनाको उद्धार गरिएको छ ।

सरकारले उद्धार र सहायता परिचालनलाई उच्च प्राथमिकता दिएको तथा अवरुद्ध राजमार्ग मर्मतसम्हार गरी यातायातका साधन सञ्चालन गर्न अथक प्रयास गरिरहेको छ ।

## विपद्बाट बचौं र बचाऔं

विपद् आकस्मिकरुपमा आउने हुँदा:

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
- समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्सलगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- विपद् आईहालेमा नआत्तिऔं,
- वालबालिका, बृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्दार र पुनर्स्थापनामा सहयोग गरौं,
- विपद्सम्वन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### मौसम अनुसारको पूर्वतयारी आवश्यक

अबको एक महिना विभिन्न चाड पर्वको माहौल छ । चाडपर्वको माहौलसँग सँगै मौसम पनि परिवर्तन हुनेछ । अबको केही दिनमै चिसो मौसमको आवागमन हुनेछ । तर, अहिले पनि वर्षा हुने अनुमानका साथै प्राकृतिक विपद् आउने सम्भावना समेत उत्तिकै रहेको छ । केही दिनअघि मात्र गएको विपद् (बाढी, पहिरो) ले मुलुकलाई नै अस्तव्यस्त पारिदिएको छ । सो विपद्बाट अर्बौको भौतिक क्षति हुनुका साथै सयौं मानिसको मृत्यु भएको छ ।

यस्ता विपद्का लागि पूर्वतयारी आवश्यक हुन्छ । पूर्वतयारी पनि गरियो तर, त्यसबाट क्षति न्युनिकरण हुनसकेन् । यस्तै अहिले चिसो मौसमको आवागमन भइसकेको छ । विगतका वर्षहरुमा चिसो मौसमका कारण अत्याधिक कष्टर जिवन बिताउनु परेको कसैसामु लुकेको छैन् । खासगरी गरीब तथा विपन्न यस मौसममा बढी मारमा पर्ने गरेका छन् । वृद्धवृद्धा तथा बालबालिकालाई यस मौसमले बढी कष्ट पुऱ्याइरहेको हुन्छ ।

जसरी बाढी, पहिरोबाट मुलुकलाई ठूलै क्षति पुऱ्याएको त्यसलाई मध्यनजर गर्दै चिसोबाट जोगिन पूर्वतयारी पनि उत्तिकै आवश्यक छ । तसर्थ यसका लागि विभिन्न निकायले पूर्वतयारीका साथै क्षति न्युनिकरणका लागि अहिलेदेखी नै पहल थाल्नु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपद् र हाम्रो बिग्रिएको बानी

**श्रीरामसिंह बस्नेत**

काठमाडौं, १७ असोज (रासस) ।

हरेक वर्षा ऋतुमा मनसुन आउँछ, भारी वर्षात् हुन्छ, बाढीपहिरो डुबानले सताउँछ, अनाहकमा जनधनको क्षति हुन्छ, दुई/चार दिन मिडियामा कोकोहोलो मच्चाइन्छ, अनि बिस्तारै हामी त्यस विपद्लाई बिर्सन्छौं र अर्को विपद्को मौन प्रतीक्षा गर्न थाल्छौं । तर एक पटकको विपद्बाट पाठ सिकेर अर्को विपद्मा क्षति न्यूनीकरण गर्ने सद्बुद्धि हामीलाई अहिलेसम्म आएको छैन, तथ्यले यही बताउँछ । यदि २०५० सालको भिषण बाढी, पहिरोबाट पाठ सिकेर त्यस्तो विपद्सँग सामना गर्ने क्षमता वृद्धि गरिंदो हो त यो दसैंको मुखमा यति ठूलो वियोग देशले खप्न पर्ने थिएन । गत साताको परिदृष्यले मनसुनी विपद् व्यवस्थापनमा हामी २०५० सालमा जहाँ थियौं अहिले पनि त्यहीं नै रहेछौं भन्ने स्पष्ट हुन्छ । अझ अगाडिको मनसुनी विपद्लाई सम्झने हो भने २०११ सालको दसैंताकाको वितण्डालाई सम्झनुपर्ने हुन्छ । त्यतिबेला काठमाडौं उपत्यकाभित्र मात्र करिब ३०० जनाले ज्यान गुमाएका थिए भने देशभरमा गरी करिब एक हजार जनाले । के त्यो क्षतिको संस्थागत सम्झना राज्यसँग छ ? ३० वर्षअघिको बाढीपहिरोको त सम्झना राज्यसँग छैन भने ७० वर्ष अघिको के होस् ।

विपद् व्यवस्थापनको सन्दर्भमा हामी हरेक पटक मुख्यतः दुई वटा कुरामा चुक्ने गरेका छौं- एउटा विपद् आउनुभन्दा अघिको पूर्वतयारीमा र अर्को विपद्को बेलामा हुनुपर्ने चुस्त र प्रभावकारी अन्तरनिकाय समन्वयमा । अहिलेसम्म विपद्का कारण हामीले जति जनधन गुमाएका छौं मुख्यत यही दुई कमजोरीका कारण गुमाएका छौं । मनसुनी विपद् मात्र होइन, भूकम्पमा पनि त्यही देखिएको छ । २०४५ को भूकम्पबाट पाठ सिकेको भए २०७२ को गोरखा भूकम्पमा त्यति धेरै क्षति व्यहोर्नुपर्ने थिएन, अनि गोरखा भूकम्पबाट राम्रैसित पाठ सिकी त्यसअनुसार काम गरेको भए जाजरकोट भूकम्पमा अवश्य पनि जनधनको क्षति धेरै घटाउन सकिने थियो । तर वितेको घटनाबाट पाठ सिकेर सुध्रिने सायद हाम्रो संस्कार नै छैन । नत्र हरेक वर्ष पीडा, वियोग र क्षतिको चक्र घुमिरहेको टुलुटुलु हेरिरहनु पर्ने थिएन ।

**गर्नै पर्ने काम**

विपद् व्यवस्थापन एक जटिल र चुनौती पूर्ण काम त हुँदै हो तर यसले नवसिर्जनालाई अवसर पनि दिन्छ भन्ने यथार्थ बिर्सनु हुँदैन । विपद् त आउँछ नै, त्यसलाई रोक्न, छेक्न सकिदैन तर त्यसबाट हुने जनधनको क्षतिलाई भने रोक्न वा न्यूनीकरण गर्न सकिन्छ, विपद्को चुरो कुरो बुझेका देशहरुले त्यसै गर्ने गरेका छन् । विपद्का सन्दर्भमा गर्नै पर्ने मुख्य काम वा लक्ष्य मानवीय क्षति हुन नदिनु हो । मानिसको जीवन यति अमूल्य हुन्छ, जसको क्षतिपूर्ति असम्भव हुन्छ । तसर्थ जुनसुकै विपद्मा पनि मानिसलाई जोगाउने पहिलो रणनीति हुनुपर्छ । यसमा बजेट छैन, साधन छैन, जनशक्ति छैन, आदेश छैन भन्ने जस्ता कुरा अक्षमताका प्रमाण मात्र हुन् ।

यदि हामीकहाँ राज्य संयन्त्रले मानिस जोगाउने रणनीतिलाई उच्च प्राथमिकतामा राखेको भए नक्खुमा चार घण्टासम्म मानिसहरुले ज्यान बचाई माग्न गुहार गर्दा पनि निरिह भएर बस्नुपर्ने थिएन । एक साधारण व्यक्तिले आँट गरेर दुई जनाको ज्यान बचाउन सकेका थिए । जब कुनै विपद् आइलाग्छ त्यसपछि हामी कहाँ अनेकौं तहका बैठक बस्छन् । ती बैठकले निर्देशन दिने निर्णय गर्दछन्, जसको कुनै तुक छैन । त्यस्ता बैठक विपद् पूर्वतयारीको चरणमा बस्नु पर्छ, विपद्ले घेरी सकेपछि हैन । हाम्रो समाजमा एउटा आहान प्रचलित छ 'माझीहरुले सल्लाह गर्दागर्दै सात गाउँ डुब्यो' भन्ने । व्यवहारमा हाम्रो चलन ठ्याक्कै त्यस्तै हुने गरेको छ । तसर्थ बाढी, पहिरो, डुबान, शीतलहर, आगलागीजस्ता मौसमजन्य विपद् सुरु हुनुभन्दा पहिले नै सम्बन्धित निकाय, संघसंस्था आदिको बैठक बसी रणनीति तय गरेर कार्यन्वयन गर्नु पर्दछ ।

विपद् व्यवस्थापनका लागि सम्बन्धित प्राविधिक विज्ञहरुको सल्लाह र सहयोग लिनुपर्छ, प्रशासनिक कर्मचारीहरुका भरमा मात्र विपद् व्यवस्थापन गर्न खोजियो भने अहिले जे भएको हो त्यस्तै भइरहने छ । स्थानीय निकाय हाम्रो देशको सबैभन्दा महत्वपूर्ण र जनतासँग सोझै सम्बन्ध भएको निकाय हो । विपद् व्यवस्थापनको सन्दर्भमा स्थानीय निकायहरुलाई साधनसम्पन्न बनाउन अति जरुरी छ । यसका लागि प्रत्येक नगरपालिका र गाउँपालिकाले आफ्नो हरेक वडामा विपद् व्यवस्थापन कार्यदल गठन गरी निश्चित संख्यामा सक्षम जनशक्तिलाई विपद् व्यवस्थापनको तालिम दिएर विपद् स्वयमसेवकहरु तयार गर्नुपर्दछ । विपद् पूर्वतयारी, विपद् भइरहँदा र विपद्पश्चात त्यो जनशक्तिलाई स्रोत साधनसहित पूर्ण क्षमतामा परिचालन गर्न सकियो भने समुदाय धेरै हदमा सुरक्षित हुन्छ । विपद्मा सेना र प्रहरीको मात्र मुख ताक्दा धेरै क्षति भइसक्छ ।

विपद्मा अहिलेसम्म हामीले मार खाएको समन्वयको अभावले हो । एउटा निकाय र अर्को निकायबीच जुन सौहार्द्र सम्बन्ध र समन्वय हुनुपर्ने हो त्यो हामी कहाँ पटक्कै छैन । यसपालि पनि मौसम पूर्वानुमान महाशाखाले बेलैमा गरेको भविष्यवाणीलाई अरु निकायले गम्भीरतापूर्वक लिएर आवश्यक निर्णय गरेको भए राजमार्गमा भएको त्यो वियोग र विजोग टार्न सकिने थियो । नेपालमा निकाय र पदाधिकारीहरु भने धेरै छन् तर तिनको प्रभावकारिताको टिठलाग्दो हालत भने बितेका घटनाक्रमहरुले पटकपटक देखाएका छन् । जहाँसम्म यसपटक काठमाडौं उपत्यकामा बाढीको वितण्डाको सवाल छ, त्यसमा नदी, खोलानालाको हैन मानिसकै दोष छ । उपत्यकाभित्र बागमती, विष्णुमती, धोबीखोलालगायतका जति पनि खोलानाला छन् तिनको मूल स्रोत सुन्दरीजल माथि छन् । त्यस क्षेत्रमा मनसुनको अवधिभर गम्भीर निगरानी गरेर पूर्वसूचना प्रणाली लागू गरेर मुहान क्षेत्रमा पानीको परिमाण सामान्यभन्दा बढी हुने वित्तिकै सार्वजनिक सूचना जारी गर्ने गरेमा बाढी शहरी इलाकामा प्रवेश गर्नुभन्दा अगावै मानिसहरुलाई सजिलै सुरक्षित स्थानमा सार्न सकिन्छ । अहिले हातहातमा मोबाइल, एफएम, अनलाइन, सामाजिक सञ्जाल आदि आमसञ्चार माध्यमहरु सक्रिय भएकाले तत्काल आमसञ्चार र साइरनलगायतका माध्यमबाट सूचना प्रशारण गरी मानिसहरुलाई सुरक्षित स्थानमा पठाउन कुनै समस्या छैन । तर त्यस्तो सुरक्षित स्थान भनेको कहाँ हो ? त्यहाँ छिटो कसरी पुग्न सकिन्छ भन्नेबारे चाहिँ पूर्व तयारीकै बेलामा निर्क्यौल हुनुपर्छ ।

विपद्सँग सामना गर्न सेना, प्रहरी मात्र हैन नगर प्रहरी, राष्ट्रिय सेवा दल, स्काउट, कलेजका विद्यार्थी सङ्गठन, राजनीतिक पार्टीका युवा दस्ता, स्थानीय सामाजिक तथा गैरसरकारी संस्थाका स्वयमसेवक आदिलाई तालिम र अत्यावश्यक साधनहरु दिएर सक्षम बनाउनुपर्छ । यस्तो काममा बजेट छैन भनेर पन्छिनु हुँदैन । किनकी अहिले एक लाख खर्च गर्न बजेट छैन भनेर पन्छिएको कारण पछि एक करोडभन्दा बढीको क्षति व्यहोर्न पर्ने स्थिति आउन सक्छ । विपद्सँग सामना गर्ने राष्ट्रिय क्षमताको विकास गर्नु अति जरुरी छ । अहिले हामी कहाँ यस किसिमको क्षमता शून्यप्रायः छ । त्यसैले सेना र प्रहरीलाई थेग्नै नसक्ने दबाब पर्न गएको छ । सेना, प्रहरीसँग पनि विपद्सम्बन्धी पर्याप्त साधन, स्रोत छैनन् ।

जसरी पनि जनधनको सुरक्षा गर्ने वृहद् राष्ट्रिय अभिष्ट पूरा गर्न राज्यले परिस्थितिअनुसार अप्रिय निर्णय लिन र त्यसलाई कार्यान्वयन समेत गर्न खुट्टा कमाउनु हुँदैन । लोकप्रिय बन्ने लालचमा वा कुनै दबाव समूह, स्वार्थ समूहको मोलाहिजामा परेर जनधन जोगाउने आफ्नो मूल दायित्वबाट विमुख भएमा पछि ठूलो मूल्य चुकाउनु पर्नेहुन्छ । जस्तै मौसम प्रतिकूल भएर भारी वर्षा हुने स्थितिमा ठीक अवस्थामा नरहेका मार्गहरुमा जोखिमपूर्ण यात्रा गर्न प्रतिवन्ध लगाउन सक्नुपर्दछ । यसमा यातायात व्यवसायीको दबाबमा आएर त्यस्तो निर्णय लिन नसकेमा जनधनको ठूलो क्षति व्यहोर्नपर्ने हुन्छ । अहिले पनि दशैं अगाडि देशका धेरै भूभागमा सुरक्षित आवजजावत गर्न सकिने सडकको अवस्था छैन । अझै मनसुन पनि बाँकी नै छ । यस्तोमा राज्यले 'यसपालिको दशैं जो जहाँ छौं त्यहीं बसेर मनाऔं, मौसम र बाटोको अवस्था सुधार भएपछि तिहार भने घर गएर मनाउँला' भनेर सार्वजनिक सूचना जारी गर्न र त्यसलाई कडाइका साथ लागू गर्न सक्नुपर्छ । त्यति गर्न नसके पनि कम्तीमा पनि जोखिमपूर्ण अवस्थामा रहेका मार्गहरुमा रात्रि आवागमन पूर्णतया निषेध गर्न सकिन्छ । दशैं हरेक वर्ष आउँछ तर मानिसको जिन्दगी फर्केर आउँदैन ।

**गर्नै नहुने काम**

अक्सर कुनै विपद परेको घटनास्थलमा सर्वसाधारणले 'खै सरकार नै आएन, राज्यको उपस्थिति नै छैन' भनेर गुनासो गरेको देखिन्छ । वास्तवमा यो ठीक होइन । घटनास्थलमा तत्कालै प्रधानमन्त्री वा कुनै मन्त्री गएर समस्याको समाधान हुँदैन, बरु भिआइपीको स्वागत, सत्कार, तामझाम, तस्विर खिच्ने आदि कामले उद्धार कार्यमा नराम्रो असर पर्दछ । कुनै भिआइपी नपुग्दैमा सरकार नपुगेको भन्ने हुँदैन । नीति, नियम र पद्धतिले काम गरेको हुनुपर्छ, पदाधिकारीको भौतिक उपस्थितिले होइन । त्यसैले त्यस्तो बेलामा नागरिकले मन्त्री खोज्ने होइन, प्रभावकारी काम खोज्ने हो । प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीहरुले आफ्नो संयन्त्रवाट निगरानी गर्नुपर्दछ ।हामी कहाँ 'उद्धार' शब्द गलत अर्थमा प्रयोग भइरहेको पाइन्छ । उद्धार भनेको कुनै विपद्मा परेको मानिसलाई सकुशल त्यस विपदबाट मुक्त गर्नु वा ज्यान बचाउनु हो । तर यहाँ भग्नावशेष वा पहिरोमा पुरिएर ज्यान गुमाएको मानिसको लास निकाल्ने कार्यलाई समेत उद्धार भन्ने गरेको पाइन्छ, त्यो गलत हो । उद्धार जीवित मानिसको मात्र हुन्छ ।

विपद्को संवेदनशील अवस्थामा पनि नाजायज फाइदा उठाउने अत्यन्तै अमानवीय र लुब्ध चरित्र हाम्रा कतिपय व्यापारी र व्यवसायीहरुमा पाइन्छ । त्यो एकदमै निन्दनीय र दण्डनीय प्रवृत्ति हो । यसपालि पनि अविरल वर्षाले राजमार्ग अवरुद्ध भएको मौका छोपी विमान सेवा कम्पनीहरुले समेत बाध्यतामा परेका यात्रुहरुसँग तेब्बर भाडा असुलेको गुनासो व्यापक रुपमा आयो । यस्ता विषयमा सरकार गम्भीर हुनुपर्छ । यस सन्दर्भमा ९० सालको महाभूकम्पपछि खाद्यान्नको भाउ नबढाई यथावत् राख्न नमान्ने साहुमहाजनलाई तत्कालीन प्रधानमन्त्री जुद्धशम्शेरले दिएको जवाफ चर्चित मानिन्छ । समयमै प्रभावकारी पूर्वतयारी गर्न नसक्दा गत साता दुई दिनको अविरल बर्षामै नेपालको विपद्सँग सामना गर्न सक्ने क्षमता उदाङ्ग भएको छ । अब करिब तीन महिनापछि विशेषगरी तराई भेगमा आउने शीतलहरबाट यसपालि एक जना मानिसले पनि जीवन गुमाउनु नपर्ने सुनिश्चित गर्न के तीन तहका सरकार र सबै सम्बन्धित पक्ष तयार छनर त ? *(लेखक राससका पूर्व महाप्रबन्धक तथा 'विपत् पत्रकारिता' पुस्तकका सह-लेखक हुनुहुन्छ)*

# सडकमार्गमा समस्या हुँदा हवाई उडानमा चाप

**सिबी अधिकारी**
काठमाडौँ, १७ असोज (रासस)।

मनसुन सकिनै लागदा एक्कासी परेको अविरल वर्षाका कारण देशलाई आक्रान्त बनायो। यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढीपहिरोले सडक सञ्जाल अवरुद्ध भए। केही दिन काठमाडौँ आउने मुख्य सडकमार्ग नै अवरुद्ध हुँदा आवागमनमा समस्या भोग्नुपर्‍यो। सङ्घीय राजधानी काठमाडौँसहित देशका विभिन्न स्थानमा बाढीपहिरो, डुबानलगायत प्राकृतिक विपत्तिका घटनाले जनजीवन अस्तव्यस्त भएको छ।

दसैँको मुखमा आ-आफ्नो गन्तव्यमा जान हौसिएका नागरिक सडक अवरुद्ध हुँदा निराश छन्। सडक यातायात सहज नभएको र हवाई यातायात पनि सबैको पहुँचमा नभएकाले थप सास्ती व्यहोर्नुपरेको धेरैको गुनासो छ। काठमाडौँबाट भोजपुर जाने प्रतिक्षामा रहेका अनिल अधिकारीले सडकबाट जाने अवस्था नरहेको र हवाई टिकट पाउन नसकेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "एक सातादेखि एयरलाइन्समा धाइरहेको छु, टिकट छैन भनेर फर्काउने गरेका छन्। एयरलाइन्सले फूलपातीसम्म सबै सिट अग्रिम बुकिङ भइसकेको भनिरहेका छन्। खै, यसपटक कसरी घर जाने होला!"

सडकमार्ग असहज भएकाले यात्रुहरू महँगो भए पनि हवाईजहाजको यात्रा गर्न चाहँदा पनि टिकट नपाउँदा समस्या भएको गुनासो गर्छन्। काठमाडौँबाट धनगढी जान टिकटका लागि धेरै प्रयास गरे पनि हालसम्म आफ्नो समस्या समाधान नभएको कोटेश्वरका अमित सुनारले बताउनुभयो। काठमाडौँबाट दुर्गम क्षेत्रमा मात्र होइन, सुगम क्षेत्रका विमानस्थलमा पनि यात्रुले हवाई टिकट पाएका छैनन्। सीमित उडान हुने तुम्लिङटार र सुर्खेत विमानस्थलमा त यात्रुलाई टिकट पाउन निकै सास्ती हुने गरेको छ।

यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले सीमित उडानका कारण दसैँका लागि सबै टिकट सकिएको बताउनुभयो। फूलपातीदेखि विजयादशमीसम्म भद्रपुर, विराटनगर, जनकपुर, सिमरा, भरतपुर, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढी विमानस्थलमा टिकट पाउन मुस्किल रहेको उहाँले बताउनुभयो।

बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार सबैजसो गन्तव्यको 'अकुपेन्सी फुल' भएको छ। उहाँले जहाज सङ्ख्या कम भएकाले पनि यात्रुको माग धान्न नसकिएको बताउनुभयो। विगत वर्षहरूमा पनि दसैँ, तिहार छठलगायत महत्त्वपूर्ण चाडपर्वमा हवाईयात्रीको चाप हुने गरेको थियो। यसपटक अविरल वर्षापछिको बाढी पहिरोलगायत विपत्तिका घटनाले सडकमार्ग अवरोध हुँदा हवाई उडानमा थप चाप बढ्न गएको जनाइएको छ।

**एकैदिन ३५ हजार बढीले गरे हवाईयात्रा**

बाढीपहिराले सडक अवरुद्ध भएपछि हवाई उडानमा चाप बढ्दा पछिल्ला दिनमा यात्रुको भीड थामिनसक्नु छ। गन्तव्य जाने प्रतिक्षामा हजारौँ यात्रुको भीडले विशेषगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा निकै भीडभाड देख्न सकिन्छ। विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाका अनुसार यही असोज १४ गते एकैदिन आन्तरिक र अन्तर्राष्ट्रिय उडान गरी पाँच सय ५९ उडान भएका थिए। ती उडानमार्फत सोही दिन ३५ हजार सात सय चार जनाले हवाईयात्रा गरेका छन्। असोज १५ गते दुवैतर्फ गरी पाँच सय ११ उडान भएका छन्। उडान सङ्ख्या बढेपछि विमानस्थलमा एयर ट्राफिक जाम भइरहेको छ। समयमा आन्तरिक उडान नहुँदा अन्तर्राष्ट्रिय उडानतर्फका विमान पनि लामो समयसम्म 'होल्ड'मा बस्नुपर्ने बाध्यता छ। उडान सङ्ख्या बढेपछि आन्तरिक विमानस्थमा अबेर रातिसम्म उडान भइरहेका छन्।

फ्लाइट राडरका अनुसार मङ्गलबार र बुधबार करिब एक घण्टा विमान होल्ड भएका थिए। यसकारण आन्तरिकतर्फका एयरलाइन्सले पटकपटक उडान समय परिवर्तन गर्नुपरेको छ।

**दसैँमा रात्रिकालीन हवाई उडान**

सरकारले हवाई उडान चापलाई मध्यनजर गर्दै दसैँको पहिलो दिन बिहीबार (घटस्थापना)देखि पूर्णिमासम्म रात्रिकालीन उडान सञ्चालन गर्ने जनाएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले घटस्थापनादेखि पूर्णिमासम्म रात्रिकालीन उडानको व्यवस्था मिलाएको बताउनुभयो। उहाँले चाडपर्वमा यात्रुलाई हवाई टिकटमा सहजता र भाडामा न्यूनता ल्याउनेगरी रात्रिकालीन उडानको व्यवस्था मिलाएको बताउनुभयो।

मन्त्री पाण्डेले भन्नुभयो, "बाढीपहिरो तथा चाडपर्वका कारण सिर्जित बढ्दो हवाई चापलाई सम्बोधन गर्न घटस्थापनादेखि असोज ३० गते पूर्णिमाको दिनसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध विमानस्थल र पोखरालगायत विमानस्थलमा रात्रिकालीन उडानको व्यवस्था मिलाएको छ।" साथै उहाँले रात्रिकालीन उडान हुने सम्पूर्ण विमानस्थलमा बिहान ४:३० बजेदेखि राति अपरेशनको समयसम्म आवश्यकतानुसार उडान हुने उल्लेख गर्नुभयो।

**मनसुन लम्बियो**

यसपालि मनसुन लम्बिएर दसैँसम्मै वर्षा हुने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। नेपालमा सामान्यतया जुन १० मा मनसुन भित्रिने र अक्टोबर २ तारिखमा मनसुन बाहिरिने गर्छ। महाशाखाका वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले यसपटक मनसुन सरदर मितिभन्दा थप केही दिन पर धकेलिने बताउनुभयो।

**भारी वर्षाको पूर्वानुमान**

देशभर मनसुनी वायुको प्रभाव रहेको जनाउँदै महाशाखाले भारतको उत्तरपूर्व आसाम र आसपासको क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीको आंशिक प्रभाव रहेको उल्लेख गरेको छ। हाल कोशी, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि साधारण बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहेको छ। कोशी प्रदेशका केही स्थानमा तथा बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। बिहीबार दिउँसो कोशी र बागमती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ।

**पर्यटन व्यवसायी मर्कामा**

पर्यटकीय सिजन सुरु भएसँगै बाढीपहिरोको विपत्तिले अरु सबै क्षेत्रजस्तै पर्यटन व्यवसायी मर्कामा परेका छन्। चाडपर्व सुरु भएकाले पदयात्रा, पर्वतारोहणलगायत गतिविधिमा रमाउने पर्यटकलाई गन्तव्यमा पुग्न समस्या भएकाले मनसुनजन्य विपद्का घटनाले पर्यटनमा समस्या सिर्जना गरेको होटल सङ्घ नेपालका अध्यक्ष विनायक शाहले बताउनुभयो। पर्यटकलाई गन्तव्यमा पुग्न कठिन भइरहेकाले यसबाट पर्यटकीय पूर्वाधारमा लगानी गरेका व्यवसायी बढी मर्कामा पर्ने उहाँको भनाइ छ। नेपाल एशोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स् (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले अहिलेको विपद्जन्य घटनाले पर्यटन व्यवसायीलाई झस्काएको बताउनुभयो।

# कोशीको बाढी : कसैलाई डर, कसैलाई अवसर

सुनसरी, १७ असोज (रासस)।

केही दिनको अविरल वर्षाले देशभरको जनजीवन अस्तव्यस्त बन्यो। राजधानी काठमाडौँ लगायत आसपासको क्षेत्रमा अत्यधिक वर्षाले ठूलो विपत्ति निम्त्यायो। सयौँले ज्यान गुमाए भने अर्बौंको क्षति भयो। यसपटकको भीषण वर्षाले कोशी प्रदेशमा पनि ठूलो क्षति पुगेको छ। कोशीसहित विभिन्न नदीमा आएको बाढीले धेरैको उठिबास लगायो। कति पुल भत्किए, कति बस्ती उजाडिए। तर, नदी किनारक्षेत्रका केही सर्वसाधारणलाई भने कोशीमा आएको बाढी अवसर पनि बनेको छ।

बराहक्षेत्र नगरपालिका-६ का वीरबल माझी कोशी नदीबाट दाउरा झिकेर परिवारको गर्जो टार्नुहुन्छ। उहाँले वर्षायामको बेला वर्षभरि पुग्ने दाउरा कोशीबाट सङ्कलन गर्दै आउनुभएको थियो। सङ्कलित दाउरा आफूले बाल्ने र धेरै भएमा बेचेर गुजारा चलाउने उहाँको पुरानै पेसा हो। यसपटकको बाढीले धेरै दाउरा बगाएर ल्याएपछि एक वर्षलाई पुग्ने गरी जोहो गरेको उहाँले बताउनुभयो। खाना पकाउनेदेखि आफूले पालेको १५ सुङ्गुर र पाँच भैँसीलाई कुँडो पकाउन एकवर्षका लागि दाउराको जोहो भएकामा उहाँ ढुक्क हुनुहुन्छ।

"यो वर्ष मनसुन सकिने बेलामा बाढी आयो। घर अलि पर भएकाले केही क्षति हुन पाएन", माझीले भन्नुभयो, "यस पटकको जस्तो बाढी कोशीमा आएको मैले अहिलेसम्म देखेको थिइँन। दाउरा पनि धेरै ल्यायो।" तीन दिनको भारी वर्षाका कारण आएको बाढीले अहिले बराह क्षेत्रका धेरैजना दाउरा सङ्कलनमा व्यस्त छन्।

माझीजस्तै मजदुरी गर्ने अधिकांश दसैँ खर्च जुटाउन रातदिन नभनी दाउरा सङ्कलन गरिरहेका छन्। चतराको कोशी किनार क्षेत्रमा ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका उनीहरू अहिले कोशीबाट निकालेको दाउरा बेचेर आम्दानी गरिरहेका छन्। नदीको भेलले बगाएर ल्याएको दाउरा सङ्कलन गरेर जीविका चलाउनेको दैनिकी यतिबेला कोशी बगरमा बितेको छ। बाढीले किनाराका बासिन्दा त्रसित बने पनि माझीजस्ता कतिपयका लागि अवसर बनेको छ।

बराहक्षेत्र-८ की सोभा चौधरी पनि कोशीबाट दाउरा निकालेर दसैँ खर्च जुटाइरहनुभएको छ। नदीबाट दाउरा निकालेर बगरमा राखेको देख्दा धेरैले सजिलो ठानेपनि ज्यानको बाजी राखेर भेलबाट दाउरा निकाल्नु चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, "सजिलो त कहाँ छ र दाउरा निकाल्न। निकै बल लगाउनुपर्छ। निकालेर राखेको दाउरा पनि कहिलेकाहीँ भेलले फेरि बगाइदिन्छ।"

कोशीमा बाढी आएको बेला रातिदेखि किनारमा दाउरा सङ्कलन गर्नेको भीड लाग्छ। कोशीमा राम्रोसँग पौडिन सक्ने बलिया पुरुष डुङ्गा लिएर नदीको बीचसम्म पुगेर दाउरा सङ्कलन गर्छन्। महिला र पौडिन नआउनेहरु बगर छेउमा बसेर दाउरा सङ्कलन गर्छन्।

जोखिम मोलेर कोशीबाट निकालिएको दाउरा बजारमा प्रति टचाक्टर रु १२ हजारदेखि २० हजारसम्ममा बिक्री हुने गरेको बराहक्षेत्र-८ जितपुरका आसा चौधरी बताउनुहुन्छ। कतिपयले बाढीले बगाएर ल्याएको दाउरा एकदिनमै तीन देखि चार टचाक्टरसम्म सङ्कलन गर्न भ्याउँछन्। उहाँले भन्नुभयो, "अरुबेला जङ्गलमा साइकल लिएर दाउरा खोज्न घण्टौँ लाग्छ, अहिले बाढीले ल्याएको दाउरा सङ्कलन गर्न सके वर्ष दिनलाई ढुक्क।" पैसाको खाँचो परेको बेला दाउरा बेचेर पैसा पनि लिन सकिने उहाँ बताउनुहुन्छ।

कोशी नदीको बीचमा रहेको बराहक्षेत्र वडा नं ६ र ९ कोशीटप्पुमा यतिबेला दाउराको बिस्कुन सुकाएझैँ दृश्य देखिन्छ। कोशीटप्पुका बासिन्दाको आम्दानीको मुख्य स्रोत बाढीले बगाएर ल्याएको दाउरा हो। बाढीले दाउरा मात्र होइन, ठूला रुख पनि बगाएर ल्याउने गर्छ। त्यहाँका युवाहरुले समूह बनाएर ठूल्ठूला रुख चिरेर राम्रो काठ निकाली बढी मूल्यमा बिक्री गर्ने गरेको कोशीटप्पुका स्थानीयवासी सन्तोष राजवंशीले बताउनुभयो।

उहाँले भन्नुभयो, "माथिल्लो भेगमा वर्षा सुरु हुनासाथ यहाँका स्थानीय कोशीमा दाउरा निकाल्ने तयारीमा बसेका हुन्छौँ।" कतिपयले नदी किनारमा हुत्तिएर आउने माछा मारेर पनि आम्दानी गर्ने गरेका छन्। सप्तकोशी नदीको बराहक्षेत्र चतरा, सिसौलीघाट, महेन्द्रनगर, राजावास, कोशी टप्पुलगायतका कोशी किनारक्षेत्रका बासिन्दाले बाँसको टाँगोको सहायताले दाउरा निकाल्ने गर्छन्। धेरैजसोले समूह बनाएर डुङ्गाको प्रयोगबाट कोशी नदीको भङ्गालोमै पसेर दाउरा निकाल्ने गर्छन्। पूर्वी पहाडी क्षेत्रबाट नदीमा बाढीसँगै बगेर आउने उत्तिस, खयर, साल, चिलाउनेको सिङ्गै रुख र हाँगाबिँगा सङ्कलन गर्ने क्रम यहाँ वर्षौंदेखि चल्दै आएको छ।

## विश्व समाचार

### पाकिस्तान र अफगानिस्तानमा पोलियो सङ्क्रमण वृद्धि

पाकिस्तान, १७ असोज (रासस/एएनआई)।

पाकिस्तान र अफगानिस्तानमा पोलियो सङ्क्रमितको सङ्ख्या बढेको छ। यसले पोलियो रोग उन्मूलन गर्ने विश्वव्यापी प्रयासमा चुनौती खडा भएको छ।

सेप्टेम्बर ३० मा विश्व स्वास्थ्य सङ्गठनले अफगानिस्तान र पाकिस्तानमा पोलियो सङ्क्रमितका बिरामीहरू बढ्दै गएको भन्दै नियन्त्रणका थप उपाय अवलम्बन गर्न चेतावनी दिएको थियो।

खामा प्रेसका अनुसार कान्दाहार प्रान्तमा दुई र अफगानिस्तानको हेलमन्ड प्रान्तमा एक जनामा सङ्क्रमणको रिपोर्ट गरिएको छ।

अफगानिस्तानमा तालिबान शासनद्वारा खोप प्रतिबन्धपछि पोलियो सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको रिपोर्टमा उल्लेख गरिएको छ।

डब्ल्यूएचओले पाकिस्तानमा तीनवटा नयाँ पोलियो सङ्क्रमित भेटिएको पुष्टि गरेको छ भने देशभर यसको सङ्ख्या २६ पुगेको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार स्नायु प्रणालीमा आक्रमण गर्ने अत्यधिक सङ्क्रामक पोलियो भाइरसका कारण पोलियो रोगको लाग्छ। यो व्यक्ति-व्यक्तिको सम्पर्क वा दूषित खाना वा पानी उपभोगबाट फैलिन्छ। यो भाइरस मल-मुत्र वा संक्रमित व्यक्तिको घाँटीबाट निस्कने थोपाबाट सर्छ।

पोलियो सङ्क्रमितमा ज्वरो आउने, टाउको दुख्ने, बान्ता हुने, थकान महसुस हुने र हातखुट्टा दुख्नेजस्ता लक्षण देखिन्छन्। पोलियो खोप लगाएर पोलियोबाट बच्न सकिन्छ भने यसले बच्चालाई जीवनभर जोगाउन सक्छ।

खामा प्रेसले सार्वजनिक गरेको तथ्याङ्क अनुसार यस वर्षको सुरुदेखि नै अफगानिस्तानमा २० भन्दा बढी र पाकिस्तानमा २४ वटा पोलियोका घटनाहरू रेकर्ड भइसकेका छन्।

यसअघि, डब्ल्यूएचओका क्षेत्रीय निर्देशक डा अहमद अल-मन्धारीले 'अफगानिस्तान र पाकिस्तानले मिलेर काम गर्नुपर्ने उल्लेख गर्नुभएको थियो। यद्यपि, प्रयासहरू कम भई सीमाको वरिपरि तनावले अफगानिस्तान र पाकिस्तान दुवैमा रोगविरूद्धको चिकित्सकीय हस्तक्षेप र प्रयासहरूलाई ओझेलमा पारेको छ।"

युनिसेफ र डब्ल्यूएचओजस्ता विभिन्न संस्थाहरूको नेतृत्वमा विश्वव्यापी पोलियो उन्मूलन प्रयासले पोलियो सङ्क्रमणका घटनामा उल्लेखनीय सुधार भने आएको छ। यद्यपि, पाकिस्तान र अफगानिस्तानमा अहिले पनि एउटै क्षेत्र वा समुदायभित्र पोलियोको सङ्क्रमण दोहोरिने र सङ्क्रमितका घटनामा वृद्धि हुने क्रम जारी रहेको पाइन्छ।

### इयूद्वारा लेबनानलाई दिने सहायतामा तीन करोड युरो वृद्धि

ब्रसेल्स, १७ असोज (रासस/एएफपी)।

युरोपेली सङ्घ (इयू) ले इजरायल र हिजबुल्लाहबीच जारी द्वन्द्वका कारण लेबनानलाई थप तीन करोड युरो (तीन करोड ३० लाख अमेरिकी डलर) मानवीय सहायता उपलब्ध गराउने घोषणा गरेको छ।

युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयेनले भन्नुभयो,"हामीले लेबनानका जनताका लागि मानवीय सहायता बढाएका छौँ।

"हाम्रो नयाँ कोष (सहयोग) ले यो धेरै कठिन समयमा नागरिकहरूले धेरै आवश्यक सहायता प्राप्त गर्ने सुनिश्चित गर्नेछ," उहाँले भन्नुभयो।

उहाँले भन्नुभयो, "मध्यपूर्वमा निरन्तर तनाव बढ्दै गएकोमा म निकै चिन्तित छु। निर्दोष नागरिकको जीवन रक्षाका लागि सबै दलले सक्दो प्रयास गर्नुपर्छ।"

युरोपेली सङ्घको पछिल्लो सहायता प्याकेज सप्ताहन्तमा घोषणा गरिएको १० मिलियन युरोभन्दा माथि रहेको छ। यससँगै लेबनानका लागि युरोपेली सङ्घको मानवीय सहायता यस वर्ष १०० मिलियन युरोभन्दा बढी पुगेको छ।

इजरायलले लेबनानको हिजबुल्लाहविरुद्ध हवाई आक्रमण गर्दै सीमापार आफ्ना सेना पठाएको छ। लेबनानमा इजरायली बमबारीमा एक हजारभन्दा बढीको ज्यान गइसकेको छ भने हिजबुल्लाहका लामो समयदेखिका प्रमुख हसन नसरल्लाह हवाई आक्रमणमा मारिनुभएको छ।

लेबनानका अधिकारीहरूले इजरायली आक्रमणका कारण करिब १० लाख मानिस आफ्नो घर छोड्न बाध्य भएको बताएका छन्।

### बाढी पीडितका लागि पाँच करोड डलर सहयोगको घोषणा

लागोस (नाइजेरिया), १७ असोज (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घले बुधबार नाइजेरियामा बाढी पीडितहरूको सहयोगको लागि पाँच करोड अमेरिकी डलर ऋण जारी गरेको छ।

केन्द्रीय आपतकालीन राहत कोषबाट प्राप्त रकमले नाइजेरियाका बाढी प्रभावित बोर्नो र बाउची र उत्तरपश्चिम राज्यहरूमा आधारभुत आवश्यकतालाई सम्बोधन गर्न मद्दत गर्ने राष्ट्रसङ्घले एक विज्ञप्ती जारी गरी जानकारी गराएको छ।

बाढीले पश्चिम अफ्रिकी देश नाइजेरियाका ३६ राज्यमध्ये कम्तीमा ३१ राज्यमा १२ लाखभन्दा बढी मानिसलाई असर गरेको राष्ट्रिय आपतकालीन व्यवस्थापन एजेन्सी (नेमा) ले जनाएको छ। त्यहाँ बाढीका कारण करिब एक लाख २७ हजार ५०० हेक्टरको बालीसमेत प्रभावित भएको छ।

"नाइजेरियामा बाढीले निरन्तरको सङ्कटभित्र पनि थप सङ्कट सिर्जना गरेको नाइजेरियाका लागि संयुक्त राष्ट्रसङ्घीय संयोजक मोहम्मद मलिक फलले बताउनुभएको छ।

"आर्थिक कठिनाइका कारण लाखौँ मानिसहरूले बाढी अघि नै खाद्य असुरक्षाको सामना गरिरहेका थिए। यसको कारण गरीब परिवारमा अनिकालको लागेको छ। बाढीको चपेटामा परेका नाइजेरियाका धेरै राज्यहरूमा हैजा सङ्क्रमणका बिरामी पनि भेटिएका छन्।

गत महिना, बोर्नो राज्यको राजधानी, उत्तरपूर्वी शहर मैदुगुरीमा गम्भीर बाढी प्रकोपले कम्तिमा ३१ जनाको ज्यान लिनुका साथै चार लाख मानिसलाई विस्थापित बनाएको थियो।

# बाढीपहिरो र डुबान प्रभावित १७ हजार भन्दा बढीको उद्धार : गृह मन्त्रालय

काठमाडौँ १७ असोज (रासस) ।

बाढीपहिरो र डुबानलगायत प्राकृतिक विपद्मा परेका १७ हजार १२० जनाको सकुशल उद्धार गरिएको छ । विपद्मा खोज उद्दारमा खटिएको नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र स्वयम्सेवकबाट बिहीबार बिहानसम्म १७ हजार भन्दा बढीको उद्धार गरिएको गृह मन्त्रालयका प्रवक्ता सहसचिव ऋषिराम तिवारीले जानकारी दिनुभयो ।

उहाँले विपद्मा परी बेपत्ता परेका २२ जनाको खोजी जारी रहेको जानकारी दिँदै विपद्का घटनामा घाइते भएका १६९ जनाको विभिन्न अस्पतालहरुमा निःशुल्क उपचारको प्रबन्ध गरिएको बताउनुभयो ।“घाइतेमध्ये अधिकांश घर फर्किसक्नु पनि भएको छ ।” प्रवक्ता तिवारीले भन्नुभयो-“ विपद्का बेला अतिप्रभावित क्षेत्रमा सुरक्षाकर्मीद्धारा घटनास्थलमै स्वास्थ्य शिविर र तत्कालको राहत सामग्री वितरण गरिएको थियो ।”गृह मन्त्रालयका अनुसार हालसम्म काठमाडौँ उपत्याकाबाट दुई हजार १५८, कोशी प्रदेशबाट ९० जना, मधेश प्रदेशबाट ३५, सबैभन्दा बढी बागमती प्रदेशबाट १३ हजार ६४० जनाको उद्धार गरिएको छ ।

“प्रभावित जिल्लाबाट नेपाली सेनाको हेलिकप्टरबाट पनि बिरामी, घाइते, बालबालिका, ज्येष्ठ नागरिकहरुलाई प्राथमिकतामा राखेर यो अवधीमा उद्दारकार्य गरियो”, उहाँले भन्नुभयो“ खोज तथा उद्दारको काम अन्तिम चरणमा पुग्नुका साथै बेपत्ताको खोजी तीव्र रुपमा भइरहेको छ ।”

त्यसैगरी गृहमन्त्री रमेश लेखकले खोज, उद्धार तथा राहत वितरणका साथै अवरुद्ध राजमार्ग खुलाउन सरोकारवाल निकाय एवं मन्त्रालयसित समन्वय गरिरहनुभएको छ । उहाँले प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई उद्धार, राहत वितरण र घाइतेहरुको स्वास्थ्य उपचारमा विषेश ध्यान दिन निर्देशन दिनुभएको छ । गृहमन्त्री लेखकले राजमार्ग सुचारु गर्न सहजीकरण, यात्रुहरुको सहज र सुरक्षित यात्रा गर्ने लगायतका विषयमा यातायात व्यवसायीहरुसित पनि छलफल गर्नुभएको थियो ।

त्यस्तै काठमाडौँ, ललितपुर, भक्तपुर, धादिङ, सिन्धुलीलगायतका जिल्लामा विपद्मा मृत्यु भएका मृतकका परिवारलाई आर्थिक सहायताबापत राहत रकम उपलब्ध गराउनुका साथै घर भत्किएका परिवारलाई राहत रकम वितरण सुरु गरिएको छ । भने प्रभावित जिल्लामा विभिन्न दातृ निकाय र दाताहरुबाट पनि राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध भइरहेको छ ।

सहसचिवको नेतृत्वमा कार्यदल गठन गरी गृह मन्त्रालयले प्रभावित आठ जिल्लामा आवश्यक, समन्वय सहकार्य र विपद्मा परेका नागरिकहरुको सहजीकरणका लागि कार्यदल खटाएको छ । कार्यदललाई प्रभावितहरुको तत्काल उद्धार तथा राहत कार्यमा समन्वय र सहजीकरण, मानवीय र भौतिक क्षेत्रको संक्षिप्त विवरण तयारी गरी तत्काल गर्नुपर्ने कार्यका सम्बन्धमा सुझाव दिने लगायतका कार्यदेश दिइएको छ ।

# पेट्रोलियम पाइपलाइन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर

काठमाडौँ, १७ असोज (रासस) ।

नेपाल र भारतबीच दुई महत्वपूर्ण पेट्रोलियम पाइपलाइन निर्माणसम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ ।

बिहीबार यहाँ आयोजित समारोहमा नेपाल आयल निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्ट र इण्डियन आयल कर्पोरेसन लिमिटेडका निर्देशक सेन्थल कुमारले सम्झौतामा हस्ताक्षर गर्नुभयो ।

सो अवसरमा भारतीय पेट्रोलियम तथा नेचुरल ग्यास मन्त्रालयका सचिव पङ्कज जैन तथा इण्डियन आयल कर्पोरेसनका अध्यक्ष भिसतिस कुमारको उपस्थिति रहेको नेपाल निगमले जनाएको छ ।

सम्झौता अनुसार भारतको सिलिगुडीबाट नेपालको झापास्थित चारआलीसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन निर्माण हुनेछ । साथै चारआलीमा १८ हजार नौ सय किलोलिटर क्षमताको ‘स्मार्ट ग्रिनफिल्ड टर्मिनल’ निर्माण हुनेछ ।

यस्तै, अमलेखगञ्जबाट चिवनको लोथरसम्म ६२ किमी लामो पेट्रोलियम पाइपलाइन परियोजना पनि भारत सरकारको अनुदानमा निर्माण हुने जनाइएको छ ।

लोथरमा ९१ हजार नौ सय किलोलिटर क्षमताको स्मार्ट ग्रिनफिल्ड टर्मिनल भारत सरकारको प्राविधिक सहयोगमा नेपाल आयल निगमले निर्माण गर्नेछ । ती आयोजनाको कुल लागत रु १५ अर्ब बराबर रहेको निगमले जनाएको छ ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को भारत भ्रमणका क्रममा ती आयोजना अगाडि बढाउने सहमति भएको थियो ।

हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी

हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*